कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: २ संख्या: १० मिति: २०७५/११/०५

**भाग-१**

**कालिका गाउँपालिका**

## आर्थिक ऐन, २०७५ (पहिलो संशोधन)

कालिका गाउँपालिकाको मिति २०७५/१०/२४ गते सम्पन्न चौथो गाउँ सभाद्वारा आर्थिक ऐन, २०७५ मा देहाय बमोजिम पहिलो संशोधन गरेको छ ।

**निणर्य नं. २.**

आर्थिक ऐन २०७५ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

२.१.स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ संशोधन अनुसार सम्पत्तिकर र भूमीकर निम्नानुसार शंसोधन गर्ने ।

अनुसूची- १

(दफा ३ सँग सम्बन्धित),

**सम्पत्ति करको दर**

| कर योग्य सम्पत्तिको मूल्य | बार्षिक दर (कोष्ठमा उदाहरण) |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु १००।- (एक पचास) |
| पाँच लाख एक रुपैया देखि पचास लाख रुपैयाँसम्म | प्रति लाख रु.१५।- (रु पन्ध्र) |
| पचास लाख एक रुपैया देखि एक करोड रुपैयाँसम्म | प्रति लाख रु.२५।-(रु पच्चिस) |
| एक करोड एक रुपैया देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु.३५।- (रु पैंतिस) |
| दुई करोड एक रुपैयाँ देखि तिन करोड रुपैयाँसम्म | प्रति लाख रु.४५।- (रु पैतालिस) |
| तिन करोड एक रुपैयाँ देखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु.५५।- (रु पचपन्न) |
| पाँच करोड एक रुपैया देखि माथि | प्रति लाख रु.६५।- (रु पैसस्ठी ) |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

साथै मुल्यांकन गर्दा रु.१००।- भन्दा कम हुन आएमा न्यूनतम रु. १००।- कायम गरिनेछ ।

**घरको मुल्यांकन दर**

- सामान्य वसोवास RCC मा प्रति वर्गफिट रु.२०००।-
- व्यापारिक व्यवसायीक RCC मा प्रति वर्गफिट रु.२५००।-
- सामान्य वसोवास गर्ने सिमेन्ट जोडाई RCC छाना भएको प्रति वर्गफिट रु.१५००।-
- व्यापारिक व्यवसायीक RCC छाना भएको प्रति वर्गफिट रु.२०००।-
- जस्ता टायलको छाना RCC मा सिमेन्ट जोडाई सामान्य वसोवास गर्ने रु.१५००।-
- जस्ता टायलको छाना RCC मा सिमेन्ट जोडाई व्यापारीक रु.२०००।-
- माटोको जोडाई सामान्वय वसोवास गर्ने रु.१०००।-
- माटोको जोडाई व्यापारिक प्रयोजन रु.१५००।-

साथै अनुसुची १ मा देहायका बुँदा (ज) भुमिकर निम्नानुसार रहने गरी थप गर्ने

| क्र.सं. | जग्गाको विवरण | खेतको दर | पाखोको दर |
|---|---|---|---|
| १ | १ रोपनी भन्दा कम भए | २५।- | १५।- |
| २ | १ रोपनी भन्दा वढी ५ रोपनी सम्म | १००।- | ५०।- |
| ३ | ५ रोपनी भन्दा वढि देखि १० रोपनी सम्म | २५०।- | १५०।- |
| ४ | १० रोपनी भन्दा वढी २० रोपनी सम्म | ६००।- | ३००।- |
| ५ | २० रोपनी भन्दा वढि | १०००।- | ५००।- |

**२.२.अनुसूची ११** को  सि.नं. १ नागरिकता सिफारिस निशुल्क गर्ने, सि.नं. २ को नागरिकता प्रतिलिपी सिफारिस रु.१००।- राख्ने, सि.नं. ३ चार किल्ला प्रमाणित रु.२००।- मा थप कित्ता भएमा प्रति कित्ता रु.२५।- थप लगाउने, सि.नं. ९ र १० को आम्दानी प्रमाणित अंग्रेजी र सम्पत्ती मूल्यांकन गर्दा मुल्यांकित रकमको ०.२५ प्रतिशतको सट्टा ०.०५ प्रतिशत कायम गर्ने र सि.नं. ४१ थप गरी जुनसुकै किसिमका व्यवसाय नविकरण गर्दा कुल पूँजीको ०.०५ प्रतिशत नविकरण दस्तुर लगाउने ।

**प्रमाणीकरण मिति :** २०७५/१०/२९ **गाउँ सभाबाट स्विकृत मिति :** २०७५/१०/२४

आज्ञाले,
शर्मिला न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत